# सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७

<u>प्रमाणीकरण मिति</u>

२०७७।१२।२०

<u>संशोधन</u>

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०७९ २०७९।०५।०७

<u>प्रस्तावना</u> : प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनीत पदाधिकारी, प्रदेश र स्थानीय तह वा सो अन्तर्गतका निकाय तथा प्रदेश संगठित संस्थामा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न एवं प्रशिक्षण सम्बन्धी विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ७ बमोजिमको परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ को उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "जनशक्ति" भन्नाले प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनीत पदाधिकारी, प्रदेश र स्थानीय तह वा सो अन्तर्गतका निकाय तथा प्रदेश संगठित संस्थामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको ♣**<u>नियममा</u>** तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "परिषद्" भन्नाले दफा ७ बमोजिमको अनुसन्धान तथा प्रशिक्षण परिषद् सम्झनु पर्छ ।

♣ पहिलो संशोधनद्वारा संशोधित

(च) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(छ) "प्रतिष्ठान" भन्नाले यस ऐन बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ । यसको अङ्ग्रेजी Sudurpashchim Pradesh Research and Training Academy हुनेछ ।

(ज) "प्रदेश संगठित संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्त्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ९ बमोजिम कार्यकारी समिति सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका सम्झनु पर्छ ❁............ ।

परिच्छेद-२

प्रतिष्ठानको स्थापना, उद्देश्य र अनुसन्धान तथा प्रशिक्षण सम्वन्धी नीति

३. प्रतिष्ठान स्थापना : प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनीत पदाधिकारी, प्रदेश र स्थानीय तह वा सो अन्तर्गतका निकाय तथा प्रदेश संगठित संस्थामा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न एवं विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न एक प्रतिष्ठानको स्थापना गरिएको छ ।

४. प्रतिष्ठान स्वशासित र संगठित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वा अन्य कुनै किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

तर प्रतिष्ठानको अचल सम्पत्ति बेचविखन गर्नु पर्दा प्रदेश सरकार (मन्त्रिपरिषद्) को स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न, प्रतिरक्षा गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ ।

५. प्रतिष्ठानको स्वरुप : (१) देहाय बमोजिमको अङ्गहरुको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ :-

(क) अनुसन्धान तथा प्रशिक्षण परिषद्,

❁ पहिलो संशोधनद्वारा झिकिएको

(ख) कार्यकारी समिति,

(ग) संकाय,

(घ) अनुसन्धान केन्द्र ।

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका प्रतिष्ठानका अङ्गहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. प्रतिष्ठानले अवलम्वन गर्ने मूल नीति : प्रतिष्ठानले अनुसन्धान तथा प्रशिक्षण सम्बन्धमा देहाय बमोजिमको नीति अवलम्वन गर्नेछ :-

(क) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई जनशक्ति विकासको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने,

(ख) प्रदेश, स्थानीय तह र प्रदेश संगठित संस्थामा निर्वाचित वा मनोनीत पदाधिकारीको व्यवसायिक ज्ञान, सीप र क्षमता वृद्धि गर्ने,

(ग) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई प्रदेश, स्थानीय तह र प्रदेश संगठित संस्थाको सेवा प्रवाह र विकास कार्यक्रमसँग आवद्ध गर्ने,

(घ) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई कर्मचारीको वृत्ति विकाससँग आवद्ध गर्ने,

(ङ) सम्बन्धित विषयमा अनुसन्धानमूलक गतिविधि सञ्चालन गर्ने र परामर्श सेवा उपलव्ध गराउने,

(च) अनुसन्धान तथा प्रशिक्षण कार्यलाई प्रभावकारी तुल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रशिक्षण केन्द्र वा संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद-३

## अनुसन्धान तथा प्रशिक्षण परिषद् र कार्यकारी समिति सम्बन्धी व्यवस्था

७. अनुसन्धान तथा प्रशिक्षण परिषद्को गठन : ♣(१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको अनुसन्धान तथा प्रशिक्षण परिषद् रहेनछ :-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख मध्येबाट अध्यक्षले मनोनीत गरेको एकजना - सदस्य

(ग) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) अध्यक्ष, प्रदेश लोक सेवा आयोग - सदस्य

(ङ) प्रदेशस्थित विश्वविद्यालयको उपकुलपति - सदस्य

♣ पहिलो संशोधनद्वारा संशोधित

(च) <u>स्थानीय तहका प्रमुख वा अध्यक्ष तथा उपप्रमुख वा उपाध्यक्ष मध्येबाट समावेशी तथा भौगोलिकताका आधारमा अध्यक्षले मनोनित गरेका दुईजना - सदस्य</u>

(छ) <u>अध्यक्षले मनोनीत गरेको एकजना महिलासहित दुईजना - सदस्य</u>

(ज) <u>कार्यकारी निर्देशक - सदस्य सचिव</u>

(२) उपदफा (१) को ♣<u>खण्ड (छ)</u> बमोजिमका सदस्यहरु मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेका अनुसन्धान वा प्रशिक्षण सम्बन्धी विज्ञहरु मध्येबाट अध्यक्षले मनोनीत गर्नेछ ।

(३) ♣<u>**उपदफा (१) को खण्ड (छ) बमोजिम**</u> मनोनीत सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ । परिषद्ले उपयुक्त ठानेमा अध्यक्षबाट निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(४) परिषद्को बैठक बर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(५) परिषद्को बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(६) परिषद्को सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बोलाउनु पर्नेछ । बैठक बस्ने सूचना बैठकको कार्यसूची सहित कम्तीमा दुई दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(७) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(८) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(९) बैठक व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ६ मा उल्लिखित मूल नीतिका अतिरिक्त प्रतिष्ठानबाट सञ्चालन गरिने अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रचलित कानूनको अधीनमा रही प्रतिष्ठानको विनियमावली ⊛......... स्वीकृत गर्ने,

(ग) प्रशिक्षण कार्यक्रमलाई उपयोगी तुल्याउन व्यवहारिक पाठ्यक्रम र प्रशिक्षण सामग्री तयार गर्न लगाई सोलाई स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको आवधिक तथा दीर्घकालीन योजना स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानलाई विकास र विस्तार गर्दै साधन सम्पन्न र स्वावलम्वी बनाउँदै लैजाने,

---

♣ पहिलो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

⊛ पहिलो संशोधनद्वारा झिकिएको

(च) प्रतिष्ठानको कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति तथा भौतिक पूर्वाधारको व्यवस्था गर्ने गराउने,

(छ) प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने,

(ज) सेवा प्रवाह र विकास कार्यक्रममा सघाउ पुग्ने गरी प्रदेश र स्थानीय तहको व्यवस्थापकीय क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने गराउने,

(झ) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने गराउने,

(ञ) प्रतिष्ठानको बार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने एवं सञ्चालित कार्यक्रमको बार्षिक प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने गराउने,

(ट) प्रतिष्ठान अन्तर्गतका कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न लगाउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

९. <u>कार्यकारी समितिको गठन</u> : (१) प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई सुव्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ :-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - अध्यक्ष

(ख) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(ङ) प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(च) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(छ) प्रदेश सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ज) **<u>♣कार्यकारी निर्देशक, प्रतिष्ठान - सदस्य सचिव</u>**

(२) समितिले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(५) समितिको सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बोलाउनु पर्नेछ ।

(६) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनीत पदाधिकारी, प्रदेश र स्थानीय तह वा सो अन्तर्गतका निकाय तथा प्रदेश संगठित संस्थामा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ख) प्रशिक्षकहरुको योग्यता निर्धारण गर्ने,

(ग) प्रशिक्षार्थिहरुको लागि लिइने परीक्षा (Model Test) को मापदण्ड तयार गरी परिक्षा प्रणालीलाई व्यवस्थित गर्ने गराउने,

(घ) अनुसन्धान तथा प्रशिक्षणका सम्बन्धमा आवधिक तथा दीर्घकालीन नीति तर्जुमा गर्न परिषद्लाई सहयोग गर्ने,

(ङ) आवश्यक पर्ने विनियमावलीको मस्यौदा तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(च) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको व्यवस्थापन, रेखदेख र संरक्षण गर्ने,

(छ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी परामर्श सेवा प्रदान गर्ने, गराउने,

(ज) अन्य प्रदेश, संघीय र अन्तर्राष्ट्रियस्तरका अनुसन्धान तथा प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राखी प्रशिक्षण सम्बन्धी कार्यलाई स्तरोन्नति तथा विस्तार गर्ने,

(झ) अनुसन्धान तथा प्रशिक्षण सम्वन्धी पाठ्यक्रम तथा सामग्री तयार गरी परिषद्वाट स्वीकृत गराउने,

(ञ) समसामयिक विषयका पुस्तक वा बुलेटिन प्रकाशन गर्ने गराउने,

(ट) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने प्रमाणपत्र र पुरस्कारको सम्बन्धमा निर्णय गर्ने,

(ठ) प्रदेश, स्थानीय तह र प्रदेश संगठित संस्थासँग सम्बन्धित प्रशिक्षण कार्यक्रमहरुको बीचमा समन्वय कायम गर्ने, गराउने,

(ड) प्रतिष्ठानको योजना, बार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतिका लागि परिषद्मा पेश गर्ने,

(ढ) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरबन्दीको यकिन गरी स्वीकृतिका लागि परिषद्मा सिफारिस गर्ने,

(ण) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने, गराउने,

(त) अनुसन्धान तथा प्रशिक्षणको विषयमा प्रदेश सरकार, नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय गर्ने,

(थ) अनुसन्धान तथा प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(द) प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्ने,

(ध) लेखापरीक्षणको प्रतिवेदन परिषद्मा पेश गर्ने र सो सम्बन्धमा परिषद्बाट भएको निर्देशन कार्यान्वयन गर्ने, र

(न) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने ।

(२) अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राख्दा प्रतिष्ठानले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरबन्दी सृजना गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-४

## प्रतिष्ठानमा रहने संकाय, अनुसन्धान केन्द्र र कर्मचारी सम्बन्धी व्यवस्था

११. संकाय तथा अनुसन्धान केन्द्र सम्वन्धी व्यवस्था : (१) प्रतिष्ठानमा देहाय बमोजिमका संकायहरु रहनेछन् :-

(क) प्रशासन तथा व्यवस्थापन संकाय,

(ख) कानून तथा अर्थ राजनीतिक संकाय,

(ग) प्राविधिक संकाय,

(घ) अनुसन्धान तथा परामर्श संकाय ।

(२) उपदफा (१) बमोजिमका संकायहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) प्रतिष्ठानमा एक अनुसन्धान केन्द्र रहनेछ ।

(४) उपदफा (३) बमोजिमको अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्था: (१) प्रतिष्ठानमा आवश्यकताअनुसार देहाय बमोजिमका कर्मचारी रहनेछन् :-

(क) प्रशासकीय तथा प्राविधिक,

(ख) प्रशिक्षक तथा अनुसन्धानकर्ता ।

(२) प्रतिष्ठानले प्रदेश लोकसेवा आयोगको सिफारिसमा कर्मचारीहरुको पदपूर्ति गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पदपूर्ति नभएसम्मको लागि प्रतिष्ठानको कार्य सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक कर्मचारी काजमा खटाउनेछ ।

(४) प्रतिष्ठानका कर्मचारीहरुको पारिश्रमिक एवं सेवाको शर्त प्रदेश सरकार (मन्त्रिपरिषद्) ले तोके बमोजिम हुनेछ ।

१३. ♣कार्यकारी निर्देशकः (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक छनौट गरी नियुक्तिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ :-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) सदस्य, प्रदेश लोक सेवा आयोग - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको छनौट समितिले खुल्ला प्रतिस्पर्धाको आधारमा देहायको योग्यता भएका व्यक्तिहरु मध्येबाट कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि तीन जनाको नाम प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट मानविकी, व्यवस्थापन, कानून संकायमा स्नातकोत्तर उपाधि प्राप्त गरेको हकमा कम्तीमा दश वर्ष वा विद्यावारिधि उपाधि प्राप्त गरेको हकमा कम्तीमा पाँच वर्ष अनुसन्धान वा प्रशिक्षण वा व्यवस्थापनको क्षेत्रमा अनुभव भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको ।

(४) उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको छनौट गर्ने अन्य आधार तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(५) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(६) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) उपदफा (५) बमोजिम पदावधि समाप्त भएमा,

(ख) निजले आफ्नो पदबाट प्रमुख सचिव मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष राजीनामा दिएमा,

(ग) निजको उमेर त्रिसठ्ठी वर्ष पूरा भएमा,

♣ पहिलो संशोधनद्वारा संशोधित

(घ) निजको मृत्यु भएमा ।

(७) उपदफा (६) को व्यवस्थाका अतिरिक्त कार्यकारी निर्देशकले प्रतिष्ठानको अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव भएमा, खराब आचरण भएमा वा आफ्नो पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले निजलाई जुनसुकै बखत त्यस्तो पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

(८) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(९) कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म तथा कुनै कारणले त्यस्तो पद रिक्त भएमा प्रदेश सरकारका सचिवहरु मध्येबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) ले तोकेको सचिवले कार्यकारी निर्देशकको रुपमा कामकाज गर्नेछ।

१४. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) परिषद् तथा समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गराउने,

(ग) प्रतिष्ठानको योजना, बार्षिक कार्यक्रम तथा बजेट समिति मार्फत परिषद्मा स्वीकृतिको लागि पेश गर्ने,

(घ) परिषद्बाट स्वीकृत प्रतिष्ठानको योजना, बार्षिक कार्यक्रम र बजेटको कार्यान्वयन गर्ने,

(ङ) प्रतिष्ठानको प्रगति विवरण समय समयमा समिति समक्ष प्रस्तुत गर्ने, गराउने,

(च) प्रतिष्ठानको अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने,

(छ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी समितिमा स्वीकृतिका लागि पेश गर्ने,

(ज) प्रतिष्ठान सम्बन्धी अन्य कार्यहरु गर्ने, गराउने ।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार ♣तोकिए बमोजिम हुनेछ ।

१५. ֍..............

१६. ֍..............

परिच्छेद-५

कोष, लेखा र लेखापरीक्षण

---

♣ पहिलो संशोधनद्वारा संशोधित

֍ पहिलो संशोधनद्वारा झिकिएको

१७. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै विदेशी सरकार र अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त हुने रकम,

(ग) परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम, र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) अन्तराष्ट्रिय संघ संस्थाहरुबाट सहयोग प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको सबै रकम प्रचलित कानून बमोजिम वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि चाहिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१८. लेखा राख्ने तरिका : प्रतिष्ठानको आम्दानी र खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१९. लेखापरीक्षण : (१) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-६
## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एवं पाठ्यक्रम

२०. प्रशिक्षण पद्धति निर्धारण गर्ने : (१) प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रशिषणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्न समय समयमा सर्वेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सर्वेक्षणको आधारमा प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पाठ्यक्रम तथा कार्यक्रम परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

२१. प्रशिक्षण प्रविधि : प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ ।

२२. अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन : (१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका अन्य विषयगत प्रशिक्षण केन्द्रबाट सञ्चालित प्रशिक्षण कार्यक्रमहरुको समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकताअनुसार संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ ।

२३. प्रशिक्षण सामग्री : प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमहरुको लागि प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, राजनैतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणबाट उपयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ ।

२४. पाठ्यक्रम : प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवं प्रभावकारी बनाउन पाठ्यक्रममा सैद्धान्तिक एवं व्यवहारिक दुवै पक्षमा जोड दिइनेछ ।

२५. अधिकार प्रत्यायोजन : (१) परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिलाई र समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. अन्य संस्थालाई समाहित गर्न सक्ने : (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका अनुसन्धान तथा प्रशिक्षणसँग सम्बन्धित कुनै संस्था यस ऐन बमोजिमको प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ ।

(२) उपदफा (२) बमोजिम प्रतिष्ठानमा समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. प्रतिष्ठानको कार्यालय र नाम : (१) प्रतिष्ठानको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिई आवश्यकता अनुसार अन्य जिल्लामा समेत अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) प्रतिष्ठानको कार्यालय "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान" को नामबाट सञ्चालन हुनेछ ।

२८. प्रतिवेदन पेश गर्नुपर्ने : प्रतिष्ठानले प्रत्येक बर्ष प्रतिष्ठानको क्रियाकलाप सम्बन्धी प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

२९. समन्वय र सम्पर्क : प्रतिष्ठानले प्रदेश सरकार वा नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका प्रशिक्षण केन्द्रसँग समन्वय र सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

**३०. [♣]नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) ले आवश्यक नियम बनाउन सक्नेछ ।**

---

♣ पहिलो संशोधनद्वारा संशोधित

३१. ♣विनियम बनाउने अधिकार : प्रतिष्ठानको अन्य आवश्यक काम कारवाहीको लागि दफा ३० बमोजिम बनेको नियमको अधीनमा रही समितिले आवश्यक विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम परिषद्बाट स्वीकृत भएपछि लागू हुनेछ ।

३२. ♣निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने : प्रतिष्ठानको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।"

⊗⊗⊗